# धर्मदेवी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**मुढेशनिश्चरे, संखुवासभा**

## ढुङ्गा गिट्टी बालुवा उत्खनन् तथा संकलन र बिक्रि सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(दोस्रो पटक प्रकाशित मिति:२०८२/१२/५)

यस नगरपालिकाको आन्तरिक आय संकलन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) घ को (६), सोही ऐनको दफा ६२क (१) र धर्मदेवी नगरपालिकाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (क्ष्म्) प्रतिवेदन र बोलपत्र कागजातमा उल्लेखित शर्त अनुसार आर्थिक बर्ष २०८२/०८३ का लागि यस नगरपालिका क्षेत्र भित्रबाट बग्ने अरूण नदिको तोकीएका क्षेत्रहरूबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) उत्खनन् तथा संकलन र बिक्री सम्बन्धी तपसिलको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले न्यूनतम ठेक्का अंकमा नघट्ने गरी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ ।बोलपत्र पेश गर्न बोलपत्रदाताहरूले कबोल अंकको ५% (पाँच प्रतिशत)ले हुन आउने धरौटी रकम नगदै भए यस कार्यालयको नाममा धर्मदेवी नगरपालिका, मुडेशनिश्चरे स्थित नेपाल एस.बि. आई.बैंक लि., धर्मदेवी शाखामा रहेको धरौटी खाता नं. ४१३२५२४०६०००१० मा जम्मा गरी भौचर पेश गर्नु पर्नेछ, वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंक तथा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मिति देखि १२० दिन मान्य अवधि भएको बैंक जमानत (बिडबण्ड) धरौटी स्वरूप पेश गर्नु पर्नेछ । यो ठेक्काको ठेक्का अवधी ठेक्का सम्झौता भएको मिति देखि २०८२ साल जेठ मसान्त सम्म कायम हुनेछ।बोलपत्र खरीद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू क्रमश:लगत्तै कार्यालय खुलेको दिनमा हुनेछ ।यो बोलपत्र धर्मदेवी नगरपालिकाको राजश्व शाखाबाट खरिद गर्न सकिनेछ।थप जानकारीका लागि धर्मदेवी नगरपालिका कार्यालय, मुडेशनिश्चरेको सूचना पाटी, वेबसाईट: www.dharmadevimun.gov.np मा हेर्न सकिनेछ र कार्यालय समय भित्र आर्थिक प्रशासन तथा राजस्व शाखामा सम्पर्क गर्न सकिनेछ ।

तपसिल:

| क्र.सं. | आय ठेक्का नं. | ठेक्काको विवरण | कूल नदिजन्य पदार्थ उत्खनन् तथा संकलन (घन मि.) | न्यूनतम ठेक्का रकम(मू.अ.क.बाहेक) | बोलपत्र फाराम दस्तुर | बोलपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | DDM-SQ-IR-02-2082/83 | अरुण नदीको तोकिएको क्षेत्रहरुबाट ढुङ्गा गिटी बालुवा उत्खनन् संकलन तथा बिक्रि | २६८५ | ५,६८,९२४।६५ | १०००।- एक हजार मात्र | २०८२/१२/१९ गते दिनको २ बजे |

**प्रमुख प्रशासकिय अधिकृत**

# धर्मदेवी नगरपालिकाको अनुरोध

- भ्रष्टाचार रहित सुशासनयुक्त समाजको निर्माणमा जुटौं
- जन्म, विवाह, बसाईसराई, मृत्यु जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरी सभ्य नागरिकको परिचय दिऔं
- सार्वजनिक स्थलमा फोहोर नफालौं, आफ्नो पालिकालाई सफा राखौं । सभ्य समाज निर्माणमा जुटौं ।
- महिला हिंसा, घरेलु हिंसा अन्त्यका लाग आ(आफ्नो ठाउंमा काम गरौं
- फोहोर व्यवस्थापन कार्यमा जुटौं, जैवीक मलबाट मल उत्पादन गरौं ।
- बिरुवा रोपेर स्वच्छ र हरियाली वातावरण बनाऔं
- जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।
- आफ्नो व्यक्तिगत आम्दानी, घर बहाल वा व्यवसाय कर तिरौं ।
- आफ्नो सहजताले अरुलाई हानी नोक्सानी नपुर्‍याऔं
- मानव अधिकारको संरक्षण र प्रवर्द्धन गरौं ।

**आफ्नो शहर सफा र स्वच्छ राखौं, सभ्य र सुसंस्कृत नागरिकको परिचय दिऔं**

**धार्मिक आस्थाका धरोहरमा अमानवीय कामहरु नगरौं**